बागमती प्रदेश सरकार

खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय

# जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय

काठमाण्डौं

# नागरिक-बडापत्र

| | | |
|---|---|---|
| १. | यस कार्यालयबाट प्रदान गरिने सेवाहरुको उद्देश्य | सिंचाइको सुविधा उपलव्ध गराइ कृषि उत्पादन बृद्धि गर्न सहयोग पुर्‍याउने र जल उत्पन्न प्रकोपहरुको न्युनिकरण तथा रोकथाम गर्ने । |
| २. | सेवा प्रकार | क)नयाँ सिंचाइ योजनाहरुको निर्माण गर्ने एवं निर्माण सम्पन्न भएको सिंचाइ प्रणालीहरुको मर्मत संभार एवं व्यवस्थापन गर्ने ।<br>ख)भू–क्षय, पहिरो तथा नदी नियन्त्रण सँग सम्बन्धी कार्यहरु गर्ने।<br>ग) कृषकहरुलाई सिंचाइ तथा जल उत्पन्न प्रकोप सम्बन्धी प्राविधिक परामर्श सेवा उपलव्ध गराउने । |
| ३. | सेवा प्रदान गर्ने स्थान | धादिङ जिल्ला |
| ४. | उच्च कार्यरत स्तरको प्रचार | योजना संचालन गर्नु अघि स्थानीय स्तरमा गरिने भेला, केन्द्रिय र प्रादेशिक स्तरमा गरिने गोष्ठी तथा सेमिनार, सामाजिक सञ्जाल तथा प्रकाशनहरु, वार्षिक कार्यक्रम एवं प्रगति विवरणहरु । |
| ५. | सेवाको गुणस्तर | स्विकृत नर्मस एवं स्पेसिफिकेसनमा तोकिएअनुसार। |
| ६. | सूचना सम्म पहुँच | व्यक्तिगत सम्पर्क, कार्यालयको सूचना पाटी, पत्र–पत्रिका, पत्राचार, टेलिफोन सम्पर्क ईमेल तथा वेबसाईट |
| ७. | उजुरी गर्ने सरल प्रकृयाहरु | मौखिक तथा लिखित निवेदन, उजुरी पेटिका एंव स्थलगत अनुगमन भ्रमणको भेटघाटमा समेत उजुरी गर्न सकिने । |
| ८. | गुनासो सुनुवाई र समाधानको समय सिमा | गुनासोको आधारमा तुरुन्त सुनुवाई गरी समाधानको लागी यथाशिघ्र पहल गरिने । |
| ९. | सेवाग्राही समूहहरु | सिंचाइ उपभोक्ता कृषकहरु, प्रकोप जन्य क्षेत्रका प्रभावित बासिन्दाहरु । |
| १०. | सेवा उपलव्ध हुने प्रकृया | क)सिंचाइ सेवा उपलव्ध गर्न चाहने उपभोक्ताहरुले न.पा./गा.पा./वार्डको सिफारिस सहित लिखित (अनुरोध फाराम भरी) माग गर्नुपर्ने।<br>ख)सिंचाइ योजना माग गर्दा जलउपभोक्ता समिति गठन गरि प्रति रोपनी रु ५ का दरले धरौटी खातामा रकम जम्मा गर्नुपर्ने।<br>ग) माग भएका योजनाहरुको पहिचान सर्भेक्षण गरिने तथा पहिचान भै सकेका योजनाहरु मध्येबाट प्राथमिकताका आधारमा विस्तृत ईन्जिनियरिङ्ग अध्ययन गर्दा संभाव्य देखिएका योजनाहरुलाई श्रोतको व्यवस्था गरी निर्माण गरिने।<br>घ) जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ताहरुको समूहले न.पा./गा.पा./वार्डको सिफारिस सहित माग गरेमा स्थलगत अध्ययन, सर्भेक्षण गरी प्राथमिकताका आधारमा योजनाहरुलाई श्रोतको व्यवस्था गरी निर्माण गरिने।<br>ङ) तार जाली माग गर्दा जिल्ला प्रशासन कार्यालय र सम्बन्धित वडाको सिफारीस, निवेदन तथा सर्जमिन मुचुल्का र स्थलगत फोटो संलग्न राखुपर्ने। |
| ११. | सम्बन्धित ऐन नियमहरु | जलस्रोत ऐन/ नियमावली, सिंचाइ नियमावली, सिंचाइ नीति, जल उत्पन्न प्रकोप व्यवस्थापन निति, सार्वजनिक खरिद ऐन / नियमावली, आर्थिक प्रशासन ऐन / नियमावली, निजामति सेवा ऐन / नियमावली |
| १२. | सेवा वापत लाग्ने दस्तुर | क)संघीय सशर्त अनुदानबाट संचालन भएका योजनाहरुमा सिंचाइ नीतिमा उल्लेख भए अनुसारको कूल इष्टिमेट रकमको घटीमा ३ प्रतिशत र बढीमा १५ प्रतिशत बराबरको जनसहभागिता हुनेछ ।<br>ख)प्रादेशिक बजेटबाट जनसहभागिता परिचालन गरी निर्माण/मर्मत एवं पुन: निर्माण गरिने योजनाहरुमा कूल इष्टिमेट रकमको न्यूनतम १० प्रतिशत बराबरको जनसहभागिता हुनेछ । |
| १३. | लाग्ने समय | नियमानुसार लाग्ने समय । |
| १४. | सम्पर्क राखुपर्ने व्यक्ति<br>क) प्रशासनिक र जिन्सी कार्यको लागि<br>ख) संस्था दर्ता तथा योजना मागको लागि<br>ग) आर्थिक कारोवार सम्बन्धमा<br>घ) योजना मर्मत संभार, निर्माण कार्यको भुक्तानी र निर्माण गुणस्तर सम्बन्धमा | <br>प्रशासन प्रमुख/प्रशासन शाखा<br>एशोसिएसन अर्गनाइजर/संस्थागत विकास तथा तालिम शाखा<br>लेखा प्रमुख/आर्थिक प्रशासन शाखा ।<br>ईन्जिनियर/सव–ईन्जिनियर /योजना डिजाइन तथा कार्यान्वयन शाखा |
| १५. | उजुरी र गुनासो सुन्ने व्यक्ति | डिभिजन प्रमुख |
| १६. | माथिल्लो निकाय | खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालय, बागमती प्रदेश । |

☎ ०१४-९५७३६४ 🖷 ०१४-३५४७२२
wriddkathmandu@bagamati.gov.np, wriddktm@gmail.com wriddkathmandu.bagamati.gov.np